# वन पैदावारमा आधारित लघु उद्यमका नीतिगत अवसर र अवरोधहरु

## प्रस्तुति एवं छलफलका विषयहरु

१. उद्यम अवधारणा
२. वनमा आधारित उद्यमहरुको अवस्था
३. वनमा आधारित लघु उद्यमका अवशरहरु
४. अवरोध तथा अन्यौलताहरु
५. सुझावहरु

## १. उद्यम अवधारणा


**लघु उद्यम नीति २०६४**

***लघु उद्यम :*** **कृषि, वन पर्यटन तथा खानी र हस्तकलामा आधारित :**

- **घर जग्गा बाहेक बढीमा २ लाख रुपैयासम्म स्थिर पूँजी लगानी हुने**
- **उद्यमी स्वयं व्यवस्थापनमा संलग्न रहने**
- **उद्यमी सहित बढीमा ९ जना सम्म कामदार रहेको**
- **वार्षिक आर्थिक कारोवार २० लाख रुपैया भन्दा कम भएको**
- **उपकरणको विद्युत शक्ति क्षमता ५ किलोवाट भन्दा कम भएको**

**औद्योगिक व्यवसाय ऐन, २०४९**

***घरेलु उद्योग :*** श्रममूलक, देशको परम्परा, कला र संस्कृतिसँग सम्बद्ध खास शीप वा स्थानीय कच्चा पदार्थ र साधन परिचालन गर्ने परम्परागत किसिमका उद्योग ।




**कुन संरचना रोज्ने ?**

**सहकारी ऐन २०४८**

***सहकारी संस्था :*** सहकारी सिद्धान्त अनुरुप आफ्ना सदस्यहरुको आर्थिक तथा सामाजिक विकासको लागि सेवा तथा सुविधा पुऱ्याउने उद्देश्यले गठन गरिने संस्था ।

**कम्पनी ऐन २०६३**

***कम्पनी :*** मुनाफाको उद्देश्य लिई कुनै उद्यम गर्न चाहने व्यक्तिले एक्लै वा अरुसँग समूहवद्ध भई एक वा एकभन्दा बढी उद्देश्य प्राप्तिका लागि स्थापित गरिने कम्पनी ।

## २. वनमा आधारित उद्यमहरुको अवस्था

### आर्थिक सर्वेक्षण (२०६७/६८)

**वन पैदावारमा आधारित उद्यमहरुको सँख्या क्रमशः बढदै गएको**

- जडीबुटीमा आधारित सहकारी संस्थाहरु ७३
- १३ हजार २० घरेलु तथा साना उद्योग
- वनमा आधारित स्थानीय कम्पनीहरु

**वन पैदावारमा आधारित उद्यमीहरुको संख्या बढदै गएको**

- लघु उद्यमीहरू : ५१ हजार १ सय ८५
- लघु उद्यमीहरूमा ६८ प्रतिशत महिला उद्यमी

**वन पैदावारमा आधारित वस्तुहरुको उत्पादनमा क्रमशः कमी आएको**

- गरिबीको रेखामुनि रहेका मानिसहरु (२५.३९ प्रतिशत) ले जीविकाका लागि मात्र वन पैदावारको प्रयोग
- वन पैदावारमा आधारित वस्तुहरु, जडिवुटी, नेपाली कागज र सोबाट बनेका सामान तथा हस्तकलाका सामानको निर्यातमा कमी

**वन पैदावारमा आधारित लघु उद्यमको आर्थिक योगदान कती ?**

## ३. वनमा आधारित लघु उद्यमका अवशरहरु

***सरकारको वार्षिक नीति तथा कार्यक्रम :***

- जडिबुटीको खेती गर्न चाहने हरुवाचरुवा, वादी र ग्रामीण भूमिहीन महिलाहरुलाई सहुलियत दरको ऋण
- आर्थिक रुपमा पछाडि परेका विपन्न वर्ग, महिला, दलित, आदिवासी जनजाति, द्वन्द्वपीडित आदिलाई लक्षित गरी घरेलु उद्योग आदि संचालन गर्न विनाधितो सहुलियतपूर्ण ब्याजमा प्रति व्यक्ति रु. दुई लाखसम्म ऋण
- वन उद्यम र व्यवसायिक प्रयोगलाई उच्च प्राथमिकता
- उच्च मूल्यका जडिबुटी उत्पादन तथा प्रशोधन केन्द्रहरुको स्थापनाका लागि सहकारी र निजी क्षेत्रलाई प्रोत्साहन
- सहकारीको माध्यमबाट हरित उद्योग स्थापना

**कुन संरचनाबाट कार्यान्वयन गर्ने ?**

## ३. वनमा आधारित लघु उद्यमका अवशरहरु

### नीतिगत अवशरहरु

**जडीबुटी एवं गैरकाष्ठ वन पैदावार विकास नीति २०६१ र राष्ट्रिय कृषि नीति २०६१**

- सहकारीको माध्यमबाट व्यवसायिक जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको खेती, सङ्कलन, प्रशोधन, बिक्री वितरणको लागि आर्थिक स्रोत उपलब्ध गराउने व्यवस्था गर्ने ।
- राज्यव्यापी रुपमा जडीबुटी एवं गैरकाष्ठ वन पैदावारमा आधारित सहकारीहरुको विकास गर्ने कृषि र जडीबुटीको व्यवसायीकरणका लागि सहकारीलाई पनि प्रवर्द्धन गरिने ।

**लघु उद्यम नीति २०६४**

- ***उद्देश्य :*** अति विपन्न वर्ग, गरिवीको रेखामुनी रहेका तथा महिला, दलित, आदिवासी जनजाति, मधेशी वा आर्थिक, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका वर्ग, अपाङ्ग, उत्पिडित, सीमान्तकृत वर्ग र नेपाल सरकारले लक्षित वर्ग भनी तोकेको जनसमुदायलाई लघु उद्यमको माध्यमबाट स्वरोजगारीका अवशरहरु प्रदान गरी आयस्तरमा सुधार गर्ने ।

**औद्योगिक नीति २०६७**

- **रणनीति** : सहकारी मार्फत जडीबुटी प्रशोधन उद्योगहरु सञ्चालन गर्न विशेष कार्ययोजना बनाउने ।
- **विशेष रणनीति** : वनमा आधारित लघु तथा घरेलु उद्योगको प्रवर्द्धनका लागि कच्चा पदार्थ आपूर्ति व्यवस्था सरल बनाउने ।
- **वर्गिकरण र प्राथमिकता :** वन पैदावारमा आधारित उद्योग मुख्य वर्गिकरण र पहिलो प्राथमिकतामा रहेको ।

**कहिले बनाउने कानुन ?**

## ३. वनमा आधारित लघु उद्यमका अवशरहरु

### कानुनी अवशरहरु

**आय कर**

- सहकारी ऐन २०४८ बमोजिम दर्ता भई सञ्चालन भएको वनजन्य उद्योगहरु र जडीबुटी खेती तथा प्रशोधन कार्यबाट प्राप्त भएको आयमा र त्यस्तो कार्य गर्ने संघ संस्थाले वितरण गरेको लाभांशमा समेत आय कर नलाग्ने ।
- दुर्गम क्षेत्रमा स्थापना भएका घरेलु उद्योगहरुले स्थापना भएको मितिले १० वर्षसम्म आयकर तिर्नु नपर्ने ।

**मूल्य अभिवृद्धि कर**

- जडीबुटी र तिनको सारतत्वको व्यवसायमा मूल्य अभिवृद्धि कर नलाग्ने । (मूल्य अभिवृद्धि कर ऐन २०५२, अनुसूची-१)

**ऋण**

- बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन २०६३ र वित्तीय मध्यस्थता संस्था सम्बन्धी ऐन २०५५ अनुसार न्यून आय भएका तथा विपन्न वर्गका व्यक्ति र कुनै खास भौगोलिक क्षेत्रमा बसोवास गर्ने बासिन्दाको आर्थिक उत्थान हुनेगरी वन उद्यम सञ्चालन गर्न व्यक्तिगत वा समुहिक जमानीमा ऋण दिनुपर्ने

**सामुहिक व्यापार चिन्ह**

- लघु उद्यमका उत्पादनको पहिचान तथा व्यापार प्रवर्द्धनका लागि उद्यमीहरुले सामुहिक चिन्ह प्रयोग गर्न सक्ने ।

**भन्सार छुट तथा निर्यात सुविधा**

- लघु उद्यमका लागि ल्याइने प्रशोधन मेसिनमा भन्सार छुट दिन सकिने ।
- प्रशोधित जडिबुटी निर्यात गर्नेलाई विशेष सुविधा दिइने ।

**देखावटी की वास्तविक ?**

## ४. अवरोध तथा अन्यौलताहरु

| | |
|---|---|
| लघु उद्यमको मान्यता | • लघु उद्यम नीति २०६४ र औद्योगिक नीति २०६७ अनुसार औद्योगिक कानुनमा संशोधन नभएकोले लघु उद्यमका नामबाट उद्यम दर्ता हुन नसक्ने, सहकारी दर्तामा निरन्तर अन्यौलता |
| कच्चा पदार्थ सङ्कलन र आपूर्ति | • विपन्न वर्गका लागि : झञ्झटिला नियमहरु, अनुमतिपत्र लिन नसकिने अवस्था, डर त्रास, बजार सूचनाको कमी, कम मूल्यमा विक्री गर्नुपर्ने अवस्था । |
| भू-स्वामित्व | • भूमिहिनहरु सहकारी, उद्योग आदीको सदस्य बन्न कठिनाई, उद्यम सञ्चालन गर्न आफ्नो भूमी नभएकाहरुले उद्यम सञ्चालन गर्न सक्ने अवस्था नरहेको । |
| प्रशोधन तथा वस्तु उत्पादन | • वस्तु उत्पादन सम्बन्धी मापदण्डहरु पुरा गर्न लघु उद्यमीसँग लगानी र पूर्वाधारको अभाव, केन्द्रिकृत सेवा प्रणाली, गुणस्तर मापदण्डको चेतनामा कमी |
| वातावरणीय मापदण्ड | • अव्यावहारिक, खर्चिला र केन्द्रिकृत वातावरणीय मापदण्डहरु (EIA, IEE) |
| आर्थिक तथा वित्तिय पक्ष | • बैंक तथा वित्तिय संस्थाले वनसम्बन्धी लघु उद्यमलाई लगानीका लागि प्राथमिकतामा नराखेको, वन पैदावारको बीमा अभाव, विपन्न वर्गसँग धितो राख्ने राख्ने सम्पत्ति नहुनु । |
| कर प्रणाली | • कर छुट हुनुपर्ने वन पैदावारमा छुट नहुनु, अव्यावहारिक रुपमा स्थानीय कर तथा अन्त:शुल्क लगाउनु, छुट सम्बन्धी व्यवस्थामा विरोधाभाष, कर छुटबारे सचेतनाको कमी । |
| ओसार-पसार | • अनुमति पत्र र छोडपुर्जीका लागि लामो र अपारदर्शी प्रक्रिया, कर्मचारी, प्रहरी तथा कर प्रशासन, स्थानीय निकाय, दलका कार्यकर्ता र तस्करहरुको अवरोध, घुस चन्दा माग । |

## ४. अवरोध तथा अन्यौलताहरु

**कहिले पहिचान पाउने ?**

व्यवस्थापिका संसदद्वारा कृषि तथा सहकारी मन्त्रालयका नाममा मिति २०६७।६।२४ मा लेखेको पत्र

सहकारी संघ/संस्था दर्ता, संचालन, लेखा परीक्षण, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०६८

सामुदायिक वनबाट उत्पादित काठ विक्री वितरणका लागि जिल्ला भरीका सामुदायिक वन उपभोक्ता समूहको प्रतिनिधित्व भएको सहकारी दर्ता गरी काठ व्यापार व्यवस्थित गर्ने ।

सहकारी संस्थाहरुको वर्गिकरण र विषयको पहिचान : अनुसूची-८ बमोजिमका विषयहरुमा मात्र सहकारी दर्ता गर्न सक्ने ।

(यस वर्गिकरणमा वन पैदावारमा आधारित सहकारी संस्थाहरु समावेश नगरिएको)

**कहिले पहिचान पाउने ?**

## ४. अवरोध तथा अन्यौलताहरु

**उद्यम विकासको अवरोध : एकाधिकार र प्रतिवन्ध ?**

१. ***जडीबुटीमा ठूला उद्योगहरुको एकाधिकार :*** सरकार र ठूला उद्योगहरुका बीच उद्योगलाई जडिबुटी संकलनमा लामो अवधीका लागि ठूलो क्षेत्रमा एकाधिकार दिनेगरी सम्झौता ।

२. ***मन्त्रीपरिषद्को निर्णय :*** मिति २०६७ आषाढ ३२ पश्चात् काठ कटान र ओसार-पसारमा प्रतिवन्ध ।

३. ***संरक्षित क्षेत्र विस्तार :*** उद्यमका लागि आवश्यक पर्ने वन पैदावार संकलनमा प्रतिवन्ध ।

एकाधिकार, केन्द्रिकृत निर्णय र संरक्षण मापदण्डका बीचमा लघु उद्यमले कसरी प्रतिष्पर्धा गर्न सक्छन् ?

## ४. अवरोध तथा अन्यौलताहरु

**आफ्नै अन्यौलता**

१. जडीबुटी तथा वन पैदावारमा आधारित सहरकारी संस्थाहरुको नेटवर्कको (राष्ट्रिय संघ) अभाव । कसले पहल गर्ने ?
२. काठ व्यापारमा सहकारिताको अवधारणा : कति उपयुक्त कति व्यवहारिक ? छलफलको कमी ।
३. लघु उद्यम विकास : राज्यको दायित्व की व्यवसायिक प्रतिष्पर्धा ?
४. वनमा आश्रित विपन्न वर्ग : उद्यमी हुने की वन पैदावार संकलक मात्र ?

## ५. सुझावहरु

- अन्तरक्रियाबाट प्राप्त सुझवाहरुलाई मध्यनजर गर्दै सुझावहरुको सूची तयारी ।
- सुझाव कार्यान्वयनको लागि सम्वन्धित निकायमा पत्राचार ।
- सुझाव कार्यान्वयनका लागि निरन्तर अनुगमन ।